यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०२/२०८१-०८२ मिति २०८१/०५/३० गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ।

**संवत् २०८१ साल भाद्र ३० गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरणः-**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | स्वास्थ्य शाखा | अपिहिमाल गाउँपालिकाको जनस्वास्थ्य सेवा सम्बन्धी ऐन तर्जुमा गर्न स्वास्थ्य शाखालाई सैद्धान्तिक सहमती दिने । |
| २. | | अपिहिमाल गाउँपालिकाको स्वास्थ्य नीति, २०८१ स्वीकृत गर्ने। |
| ३. | शिक्षा यूवा तथा खेलकूद शाखा | यस गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा दिवा खाजा बनाउन सहजताका लागि ग्याँस सिलिण्डर र चुलो अनुदानमा उपलब्ध गराउने । |
| ४. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षण र चालु आर्थिक वर्षमा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्ने। |
| ५. | प्रशासन शाखा | यस गाउँपालिकाको नं.२ वडा कार्यालयमा रिक्त रहेको कृषि सेवा तर्फको नायव प्राविधिक सहायकको पदपूर्ति गर्ने । |
| | | अपिहिमाल गाउँपालिका वडा नं.३ क्षेत्तिमा निर्माण सम्पन्न क्षेत्ति झोलुङ्गेपुलको मर्मत सम्भार तथा संरक्षण गर्न अपिहिमाल गाउँपालिका वडा नं.३ क्षेत्ति बस्ने श्री दिलिप सिंह धानीलाई पुल हेरालामा नियुक्त गर्ने |
| ६. | पूर्वाधार शाखा | रेला-मकरीगाड सडक खण्डको सफाई तथा मर्मत गर्ने । |
| ७. | योजना/पूर्वाधार शाखा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको Project Aid to Nepal कार्यक्रम अन्तरगत आयोजना तथा कार्यक्रम माग गर्ने । |
| ८. | आर्थिक प्रशासन शाखा | अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० बमोजिम आर्थिक सहायताका लागि पेश हुन आएका निवेदनका निवेदकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने । |
| | | महिला बालबालिका तथा समाज कल्याण इकाईद्वारा मिति २०८१/०५/१८ गते आयोजना गरेको तिज विशेष कार्यक्रमको भुक्तानी दिने । |
| | | गाउँपालिका महासंघ नेपालको आयोजनामा मिति २०८१/०५/०६ (तदनुसार २२ अगष्ट २०२४) देखि मिति २०८१/०५/०१७ (तदअनुसार २ सेप्टेम्बर २०२४) सम्मको भएको गाउँपालिकाका अध्यक्ष श्री भक्त सिंह ठेकरे बोहराज्यूको बैदेशिक भ्रमण स्वीकृत गर्ने । |

रविन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका